नेपाल सरकार
युवा,श्रम तथा रोजगार मन्त्रालय
राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान विकास समिति
राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान
(तालिम व्यवस्थापन शाखा)
भैंसेपाटी, ललितपुर

फोनः ५५९३०६३
E-Mail: info@vsdta.gov.np
Web site: www.vsdta.gov.np

प. सं. २०८३।०८४
च. नं.

मितिः २०८३।०४।१३

## विषयः प्रशिक्षकको सूची (Roster) दर्ता गर्ने सम्बन्धी सूचना।

यस प्रतिष्ठानद्वारा आ.व २०८३/८४ मा संचालन गरिने व्यावसायिक तथा सीपमूलक तालिमको लागि देहाय बमोजिमको विषयमा तालिम सञ्चालन गर्न व्यावसायिक तथा सीप तालिम निर्देशिका,२०७७ को दफा १९ बमोजिम प्रशिक्षकको सूची तयार गर्नुपर्ने भएकाले उक्त निर्देशिकाको दफा १८ बमोजिमको योग्यता र अनुभव पूरा भएका सम्बन्धित विषयको प्रशिक्षकको सूचीमा समावेश हुन इच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशन भएका मितिले १५ दिनभित्र तोकिएको ढाँचामा दरखास्त फाराम पेश गर्नहुन यो सूचना प्रकाशन गरिएको छ। दरखास्त फाराम यस प्रतिष्ठानको वेभ ठेगाना www.navt.gov.np मा उपलब्ध छ।

तपशिलः

| सि.नं. | तालिमको क्षेत्र | विषयहरु |
|---|---|---|
| १. | सेवा क्षेत्र | १. विद्युत जडान, ब्युटीपार्लर, अटोमेकानिक्स र प्लम्बिङ्ग<br>२. विद्युत जडान र ब्युटीपार्लर एडवान्स |
| २. | होजियारी तथा तयारी पोशाक | १. कटाई सिलाई<br>२. कटाई सिलाई एडवान्स |
| ३. | प्रशिक्षक प्रशिक्षक तालिम(TOT) | १. जनरल TOT |

स्थानीय तहबाट माग हुन सक्ने सम्भावित तालिमहरु

| सि.नं. | तालिमको क्षेत्र | विषयहरु |
|---|---|---|
| १. | सेवा क्षेत्र | १. विद्युत जडान, ब्युटीपार्लर, अटोमेकानिक्स, मन्टेश्वरी, प्लम्बिङ्ग, मोबाइल फोन मर्मत, कम्प्यूटर रिपेयर एण्ड मेन्टेनेन्स |
| २. | होजियारी तथा तयारी पोशाक | १. कटाई सिलाई |
| ३. | पर्यटन क्षेत्र | १.कुक, बेकर, बारिष्टा, केयर गिभर, हाउस किपिङ्ग |

२०८३/४/१३

## प्रशिक्षकको लागि चाहिने शैक्षिक योग्यता,तालिम वा अनुभव

| सि.नं | पदनाम | शैक्षिक योग्यता तालिम वा अनुभव |
|---|---|---|
| क) | प्रशिक्षक | सम्बन्धित विषयमा मान्यता प्राप्त संस्था/ विश्वविद्यालयबाट स्नातक उत्तीर्ण गरी शिक्षण/ प्रशिक्षणको तालिम लिएको वा सम्बन्धित विषयमा प्रमाण पत्र / डिप्लोमा तह उत्तिर्ण गरेको शिक्षण/प्रशिक्षण लिएको र कम्तिमा ५ वर्षको कार्य अनुभव भएको वा सम्बन्धित विषयमा सीप तह – ३ उत्तीर्ण गरी ५ वर्षको कार्य अनुभव भएको। |
| ख) | सहायक प्रशिक्षक | सम्बन्धित विषयमा मान्यता प्राप्त संस्था/विश्वविद्यालयबाट प्रमाण पत्र डिप्लोमा तह उत्तीर्ण गरी शिक्षण/प्रशिक्षण तालिम लिएको वा सीप तह ३ उत्तीर्ण गरेको वा प्राविधिक एस. एल. सी वा सीप तह २ उत्तीर्ण गरी ३ वर्षको कार्य अनुभव भएको। |
| ग) | प्रशिक्षण सहायक | सम्बन्धित विषयमा प्रावधिक एस. एल. सी वा सीप तह २ उत्तीर्ण गरी शिक्षण/ प्रशिक्षणको तालिम लिएको हुनुपर्छ। |

द्रष्टव्यः

- दरखास्त फाराम साथ शैक्षिक योग्यताका प्रमाणपत्रहरु, नेपाली नागरिकताको प्रमाणपत्र, सम्बन्धित तालिमको प्रमाणपत्र, सीप परीक्षणको प्रमाणपत्र र अनुभवलाई प्रमाणित गर्ने कागजातका प्रतिलिपिहरु संलग्न गरी ती प्रतिलिपिहरुमा व्यक्ति स्वयंले सक्कल बमोजिम नक्कल ठीक छ भनी दस्तखत गरी तोकिएको म्याद भित्र पेश गर्नुपर्नेछ।
- तोकिएको योग्यता पुगेकोमा एक भन्दा बढी विषयमा पनि दरखास्त फाराम पेश गर्न सकिनेछ। त्यस्तो अवस्थामा कार्यालयले आवश्यक परेको विषयको लागि छनौट गरी स्वीकृत गर्न सकिनेछ।

२०८०/०४/१२